सम्पर्क नं. : ०२५५४००२

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
१ नम्बर प्रदेश, नेपाल

प. स. :-२०७६/०७७
च. नं. 2266

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेश
दुहवी, सुनसरी
स्था.: २०७३

## सूचना!सूचना!!सूचना! ! !

**दुहवी नगरपालिका** वडा नं. ५ वस्ने रन्जितकुमार हलुवाई ले साविक दुहवी गाविस हाल दुहवी न.पा.को आ. व. २०५१/५२ सालमा गुद्री हाट ठेक्कामा लिन निजका नाममा दर्ता रहेको दुहवी ६ ख कि.नं.२८१ को ज.वि.०-१-० क्षेत्रफल भएको जग्गा यस दुहवी न.पा साविक दुहवी गाविस मा धरौटीका रुपमा राखि गुद्री हाट ठेक्कामा लिई कर असुली गर्दै आएको र यस नगरपालिकालाई वुझाउनु पर्ने सम्पुर्ण ठेक्का रकम समयमै वुझाइ सकेको र जग्गा धनी प्रमाण पुर्जा समेत फिर्ता लिइ सकेको तर फुकुवा पत्र लिन वाँकी रहेको हुँदा मालपोत कार्यालय सुनसरीमा धरौटी फुकुवाका लागि सिफारिस गरी पाउँ भनी यस कार्यालयमा दिनु भएको निवेदनका सम्वन्धमा निज रन्जितकुमार हलुवाईले उक्त आ.व.को गुद्री हाट ठेक्का वापतको कर वुझाएको भन्ने व्यहोरा हाल यस कार्यालयको अभिलेखवाट नदेखिएको तथा निजले समेत कुनै प्रमाण/कागजात निवेदन साथ पेश नगरेको हुँदा यो सुचना जारी गर्ने काम भएको छ। सो ठेक्काको सम्वन्धमा निज निवेदकले कर वुझाए/नवुझाएको कुनै प्रमाण/कागजातहरु नभेटिएको र निजलाई उक्त जग्गा फुकुवाको पत्र मालपोत कार्यालयलाई आवश्यक परेको हुँदा यदि उक्त विषयमा कुनै उजुर वाजुर गर्नु पर्ने भएमा यस न. पा. मा आजका मितिले सात ७ दिन भित्रमा निवेदन पेश गर्नु हुन सम्वन्धित सवैमा सुचना प्रकाशित गरिएको छ ।

११/१५
नि. प्रमुख प्र. अधिकृत